# सार्की जातिको परम्परागत पेशाको परिवर्तनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव

# वडा नं. ९, विनामारे गा.वि.स., बागलुङ

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत

समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह

दोस्रो वर्षको आठौं पत्रको प्रयोजनको लागि

प्रस्तुत

**शोधपत्र**


शोधार्थी

टंकनाथ शर्मा

त्रि.वि. रजि.नं. ४६६४५–८८

रोल नं. : १७४/०६२

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा


२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र/मानव शास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप टङ्कनाथ शर्माद्वारा विनामारे गा.वि.स.वडा नं. ९ का सार्की जातिको परम्परागत पेशाको परिवर्तनले सामाीजक आर्थिक अवस्थामा पारेको प्रभाव एक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार गर्नुभएको हो । धेरै मेहेनतपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

मिति : २०६८, चैत्र

शान्ति भुसाल
शोधनिर्देशक
समाजशास्त्र तथा मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी सङ्काय, समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह (एम्.ए) दोस्रो वर्षको आठौँ पत्र (शोधपत्र) अन्तर्गत आंशिक आवश्यकताको परिपूर्तिका लागि टङ्कनाथ शर्माले प्रस्तुत गर्नु भएको **सार्की जातिको परम्परागत पेशाको परिवर्तनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव** विनामारे-९, वागलुङ शीर्षकमा तयार पार्नुभएको शोधपत्र मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

शान्ति भुसाल ....................................
(विभागीय प्रमुख)

प्रा.डा. नागेन्द्रलाल श्रीवास्तव ....................................
(बाह्य परीक्षक)

शान्ति भुसाल ....................................
(शोध निर्देशक)

मिति : २०६८ चैत्र ।

# भाषासम्पादकको सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र विभागको स्नातकोत्तर तह आठौँ पत्रको प्रयोजनका लागि क्रमाङ्क १७४/०६२ का छात्र श्री टंकनाथ शर्माले प्रस्तुत गर्नुभएको 'सार्की जातिको परम्परागत पेशाको परिवर्तनले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव' नामक शोधपत्रको भाषा सम्पादन गर्ने काम मबाट भएको हो । यसको भाषिक पक्ष सन्तोषजनक रहेको कुरा सम्बन्धित निकायमा सिफारिस गर्दछु ।

चूडामणि खनाल
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस,
पोखरा ।

मिति : २०६८, चैत्र

# कृतज्ञता ज्ञापन

चार वर्ण छत्तीस जातको साझा फूलवारीका रूपमा परिचित नेपाली समाजको बनौटमा नेपालभर छरिएर रहेका सार्की जातिको अध्ययन गर्ने उत्सुकता मेरो मनमा आएको थियो । यसै परिप्रेक्ष्यमा त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमको सेरोफेरोमा रही बागलुङ जिल्ला, विनामारे गा.वि.स. वडा नं. ९ का **'सार्की जातिहरूको परम्परागत पेशाको परिवर्तनले सामाजिक अर्थिक अवस्थामा पारेको प्रभाव'** एक अध्ययन विषयको शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त तयार गरेको छु । यो कार्य सम्पन्न गर्नको लागि मैले धेरैको सहयोग पाएको छु । सर्वप्रथम म शोधपत्र लेखनको प्रारम्भदेखि अन्त्यसम्म आवश्यक सल्लाह एवम् सुझाव र सहयोग प्रदान गर्नुहुने व्यक्ति, संघसंस्थाप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने श्रद्धेय विभागीय प्रमुख एवम् शोध निर्देशक गुरु श्रीमती शान्ति भुसालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै अध्ययन कार्यमा मलाई अविच्छिन्न रूपमा प्रेरणा र सहयोग प्रदान गर्नु हुने मेरा परम् आदरणीय बुवा आमाप्रति सादर समर्पण तथा यस शोधपत्र लेखन कार्यमा निरन्तर रूपमा हौसला र प्रेरणा प्रदान गर्नु हुने मेरा दिदी भिनाजु, श्रीमती शकुन्तला घिमिरे तथा उमामहेश घिमिरेप्रति आभार व्यक्त गर्छु । त्यस्तै यस शोधपत्र लेखनमा सहयोग र हौसला प्रदान गर्ने मेरी श्रीमती मीना शर्मा, भाइ रामचन्द्र पौडेलप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अध्ययनको सिलसिलामा मलाई सहयोग गर्नु हुने यस श्री पृथ्वीनारायण क्याम्पस, पोखराका समाजशास्त्र/मानवशास्त्र विभागका गुरुजन, अध्ययन क्षेत्रका सम्पूर्ण उत्तरदाता, राजनैतिक दलका प्रतिनिधि, विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, गा.वि.स. सचिव, शिक्षक एवम् बुद्धिजीवीसमुदायप्रति आभारी छु ।

अन्त्यमा यो शोधपत्र कम्प्युटर टाइप गरीदिने श्री सर्वोदय जनक उ.मा.वि. विनामारे बागलुङका कम्प्युटर शिक्षक श्री काशिराम शर्मा तथा सुगम कम्प्युटर सेवा पोखरा-१, बगरप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

टङ्कनाथ शर्मा

समाज शास्त्र/मानव शास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# शोधसार

नेपाल विविधतामय देश हो । यहाँका विभिन्न जातजातिले आ-आफ्ना सामाजिक एवं सांस्कृतिक विविधताद्वारा नेपाललाई चिनाएका छन् । यस्तै विभिन्न जातजातिमध्ये सार्की जाति पनि एक हो । बागलुङ  जिल्लाको बिनामारे गा.वि.स. वार्ड नं. ९ मा बसोबास गर्ने २९ घरधुरी सार्की जातिका छन् । यिनै सार्की जातिहरूको अध्ययन यस शोधले गरेको छ । शोधको शीर्षक 'सार्की जातिको परम्परागत पेशाको परिवर्तनले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव' रहेकाले यसै शीर्षकका आधारमा यस वडामा बसोवास गर्ने सार्की जातिको र यसै क्षेत्रमा उनीहरूसँगै बसोबास गर्ने ब्राह्मण, क्षेत्रीलगायत अन्य जातिहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाहरूको अध्ययन गरी सार्की र अन्य जातिहरूको तुलनात्मक अध्ययनका आधारमा आर्थिक सामाजिक अवस्थाको सम्बन्ध यस शोधकार्यले देखाएको छ ।

शोधपत्रलाई छ अध्यायमा वर्णन गरिएको छ । पहिलो अध्यायमा अनुसन्धान परिचय मूल शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महŒव, अध्ययनको सीमाजस्ता विषयहरूको समीक्षा गरिएको छ । पृष्ठभूमिमा सार्की लगायत अन्य दलित जातिको सामान्य परिचय झल्काउने काम गरिएको छ । समस्याको कथनमा एउटै आर्य मूल जातिभित्र सामाजिक रूपमा उच्च र निम्न गरी जातीय विभाजन हुँदा सार्की जाति अन्य जातिको थिचोमिचोमा रहन पुगेका छन् । यस्ता हेपिएका, दबिएका जातिहरूको अध्ययन गर्नु आवश्यक छ भन्ने कुरालाई झल्काइएको छ । यसका साथै समाजका उपल्ला भनिने जातिहरूले उनीहरूलाई कसरी उपयोग गरिरहेका छन् र आधुनिकीकरणको प्रभावले उनीहरूको परम्परागत पेशामा आएको परिवर्तन र सामाजिक आर्थिक अवस्था झल्काउने कोशिस गरिएको छ । यस अध्ययनका उद्देश्यहरू :

१. सामाजिक आर्थिक अवस्थाको पहिचान गर्ने ।
२. समाजका उपल्ला भनिने जातिले सार्की जातिलाई कसरी उपयोग गरेका छन् ? विश्लेषण गर्ने ।
३. सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनको अध्ययन गर्ने ।

यस्तै अध्याय दुईमा सन्दर्भसाहित्यको सिंहावलोकनअन्तर्गत सन्दर्भसाहित्यहरूको सिंहावलोकन गरिएको छ । सार्की जातिको परम्परागत पेशाको परिवर्तनले सामाजिक

आर्थिक अवस्थामा पारेको प्रभावका बारेमा केही पूर्वकथनहरूलाई यसमा उल्लेख गरिएको छ । यसै अध्यायमा अवधाराणात्मक र सैद्धान्तिक ढाँचालाई पनि प्रकाश पारिएको छ । अवधारणाका रूपमा सामाजिक, आर्थिक र शैक्षिक अवस्थाहरूको अध्ययनलाई अगाडि सारिएको छ भने सैद्धान्तिक रूपमा मार्क्सवादी सिद्धान्त, संरचनात्मक प्रकार्यवादी सिद्धान्त र आधुनिकीकरण सिद्धान्तलाई आधार बनाई यसैको सेरोफेरोमा रहेको विश्वव्यवस्थात्मक सिद्धान्तलाई समेत अनुसरण गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धतिका बारेमा प्रकाश पार्दै अध्ययनको ढाँचाका रूपमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचालाई प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको औचित्यको पुष्टिका साथै अध्ययन क्षेत्रमा जम्मा २९ घरधुरी सार्की जातिहरूको रहेकाले उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक एकाइहरूको अध्ययन गर्ने तथा घरमूलीलाई नमुना छनोटका रूपमा लिइएको छ । तथ्याङ्कका स्रोतहरू प्राथमिक र द्वितीयक दुबै रहेका छन् । शोधविधिमा प्रश्नावली, अवलोकन, घरधुरी सर्वेक्षण, अनुसूची आदि रहेका छन् । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय सम्बन्धमा देश, जिल्ला र स्थानीय गा.वि.स. को परिचय दिइएको छ । छिटो र सजिलो तरिकाले बुझाउनका लागि नक्साहरू र तालिकाहरूको प्रयोग गरिएको छ । अध्याय पाँचमा सार्की जातिहरूको सामाजिक, आर्थिक र पेशागत परिवर्तनको स्थिति विश्लेषण गरिएको छ। विश्लेषणलाई सजिलो र छिटो तरिकाले बुझाउनका लागि तालिका, स्तम्भचित्र र पाइचार्टको पनि प्रयोग गरिएको छ ।

अध्याय छ मा सारांश, निष्कर्ष र सुझावहरूलाई राखिएको छ । 'सार्की जातिहरूको परम्परागत पेशाको परिवर्तनले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव' शीर्षक राखिएको यस शोधपत्रले यसै शीर्षकका आधारमा यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिका सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक तथा पेशागत परिवर्तनको अध्ययन गरी सामाजिक, आर्थिक अवस्थाहरूको अध्ययनबाट सार्की जातिको यस्ता अवस्थाहरूमा दयनीय स्थिति रहेको निष्कर्ष निकालिएको छ । संरचनात्मक-प्रकार्यवादी र मार्क्सवादी सिद्धान्तको सेरोफेरोमा रहेर केही सुझावहरू शोधपत्रले प्रस्तुत गरेको छ अनि भविष्यका पिँढीलाई केही जिम्मा पनि शोधपत्रले दिएर छोडेको छ ।

# विषय-सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| आवरण पृष्ठ | I |
| सिफारिस पत्र | II |
| स्वीकृति पत्र | III |
| भाषा सम्पादकको सिफारिस पत्र | IV |
| कृतज्ञता ज्ञापन | V |
| विषय सूची | VI |
| तालिका सूची | XI |
| चित्र सूची | XII |
| चार्ट सूची | XIII |
| संक्षिप्त रूप | XIV |
| शोधसार | XV |

**अध्याय : एक** **१-५**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको महत्त्व | ४ |
| १.५ | अध्ययनको सीमा | ५ |

**अध्याय : दुई** **६-१८**

**पूर्व साहित्य समीक्षा**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक समीक्षा | ६ |
| | क) आधुनिकीकरण सिद्धान्त | ६ |
| | ख) संरचनात्मक-प्रकार्यवादी ि VI | ७ |
| | ग) मार्क्सवादी सिद्धान्त | ८ |
| | २.१.१ सैद्धान्तिक ढाॅचा | ९ |
| | २.१.२ पूर्व साहित्य समीक्षा | १२ |
| | २.१.३ अवधारणात्मक ढाँचा | १४ |
| २.२ | नेपालमा रहेको जातीय संरचना | १५ |
| २.३ | सार्की जाति र सामाजिक, सांस्कृतिक अवस्था | १७ |
| २.४ | सार्की जाति र कानूनी अवस्था | १८ |


**अध्याय : तीन** **२०-२३**

## अनुसन्धान पद्धति


| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | २० |
| ३.२ | अनुसन्धान ढाँचा | २० |
| ३.३ | तथ्याङ्कका स्रोतहरू र प्रकृति | २० |
| ३.४ | तथ्याङ्क संकलन विधि | २१ |
| | ३.४.१ समग्र र जनसंख्या | २१ |
| ३.५ | तथ्याङ्कको प्रस्तुति र विश्लेषण | २२ |
| ३.६ | शब्दावलीको परिभाषा | २२ |


**अध्याय : चार** **२४-४५**

## अध्ययन क्षेत्रको परिचय


| | | |
|---|---|---|
| ४.१ | बागलुङ जिल्लाको संक्षिप्त परिचय | २४ |
| | ४.१.१. जलवायु | २४ |
| | ४.१.२ बागलुङ जिल्ला विनामारे गा.वि.स. वडा नं. ९ का सार्की जातीहरूको संक्षिप्त परिचय | २५ |
| | ४.१.३. सामाजिक सांस्कृतिक सम्पदा | २५ |

४.१.४ सामाजिक अवस्था २६
४.१.५. जनसंख्या २६
४.१.६. पेशा/रोजगार २९
४.१.७. यातायात/सञ्चार/विद्युत् २९
४.२ बिनामारे गा.वि.स.को परिचय ३०
४.२.१. पेशा/रोजगारी ३४
४.२.२. महिलाको अवस्था ३४
४.२.३. सामाजिक र राजनैतिक चेतना ३६
४.३. सांस्कृतिक अवस्था ३७
४.३.१. प्रमुख देवी देवताहरू ३७
४.३.१.१. कुल देवताको पूजा ३७
४.३.१.२. नाग देवताको पूजा ३८
४.३.१.३. धर्म ३८
४.३.२. प्रमुख चाडपर्वहरू : ३८
४.३.२.१. दशैं ३९
४.३.२.२. तिहार ३९
४.३.२.३. हरितालिका (तीज) ३९
४.३.२.४ साउने संक्रान्ति ४०
४.३.२.५ माघे सङ्क्रान्ति ४०
४.३.२.६ चैत्राष्टमी/चैते दसैं ४०
४.३.३. प्रमुख संस्कारहरू : ४०
४.३.३.१ जन्म संस्कार ४१
४.३.३.२ न्वारन ४१
४.३.३.३ अन्नप्राशन ४१
४.३.३.४ व्रतबन्ध ४२
४.३.३.५ विवाह ४२
४.३.३.६ चौरासी पूजा ४३
४.३.३.७ मृत्यु संस्कार ४४

४.४ यातायात/सञ्चार/विद्युत् ४५

## अध्या VIII ४६-७३

## जनसाङ्ख्यक तथा सामा ,  र्थिक विशेषताहरू

५.१ उत्तरदाताहरूको उमेरगत विवरण ४६
५.२ सामाजिक अवस्था ४७
५.२.१ शैक्षिक अवस्था ४७
५.२.२ सार्की जातिको घरको अवस्था ४९
५.२.३ पारिवारिक ढाँचा ५०
५.२.४ परिवारको आकार ५२
५.२.५. उत्तरदाताको अन्यजातिहरूसँगको सम्बन्ध ५२
५.३ आर्थिक अवस्था ५४
५.३.१. पेशा ५४
५.३.२. कृषि ५५
५.३.३. हली प्रथा ५६
५.३.४. अधियाँ प्रथा ५७
५.३.५. ज्याला मजदूरी ५८
५.३.६. पशुपालन ५९
५.३.७. नोकरी ६०
५.४. महिलाहरू पेशामा सहभागिता ६१
५.५. भू- स्वामित्व ६१
५.६ आम्दानी ६२
५.७ खाना ६४
५.८ खर्च ६४
५.९ स्वास्थ्य सेवा तथा उपचार ६६
५.१० उत्तरदाताको पेशामा आएको परिवर्तनको स्थिति ६७
५.११ अध्ययन क्षेत्रका उत्तरदाताहरूमा कुलतको अवस्था ७०
५.१२ आर्थिक पछौटेपनका कारणहरू ७०

५.१२.१. जमिनको असमान वितरण ७१
५.१२.२. परंपरागत कृषि ७१
५.१२.३. परंपरागत जातीय पेशाको अभाव ७१

५.१२.४. शिक्षाको पहुँचमा कमी ७१
५.१२.५. सीपमा कमी ७२
५.१२.६. स्वास्थ्य तथा सरसफाइमा अभाव ७२
५.१२.७. महिला सहभागितामा कमी ७२
५.१२.८. ऋण ७३

## अध्याय : छ ७४-८३

## सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझाव

६.१ सारांश ७४
६.२ मुख्य प्राप्ति ७६
६.३ निष्कर्ष ७९
६.४ सुझाव ८०

सन्दर्भ सामग्री ८३
प्रश्नावली
अनुसूची

# तालि




| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | बागलुङ जिल्लाको जातिगत विवरण | २७ |
| ४.२ | विनामारे गा. वि.स.को जातिगत विवरण | २८ |
| ४.३ | छनौट क्षेत्रमा उत्तरदाताहरूको जनसंख्या | २९ |
| ४.४ | बिनामारे गा.वि.स. को खाद्यान्नको अवस्था सम्बन्धी विवरण | ३१ |
| ४.५. | बिनामारे गा.वि.स. वडा नं. ९ को जातिगत विवरण | ३२ |
| ४.६ | विनामारे गा.वि.स. को बार्षिक खर्च एवम् बचत | ३४ |
| ५.१ | उमेर र लिङ्गअनुसार उत्तरदाताको विवरण | ४६ |
| ५.२ | अध्ययन क्षेत्रको शैक्षिक अवस्था विवरण | ४७ |
| ५.३. | उत्तरदाताको घरको छानाको विवरण | ४९ |
| ५.४. | आधुनिक प्रविधिको प्रयोगमा उत्तरदाताको विवरण | ४९ |
| ५.५ | परिवारको स्वरूपको आधारमा उत्तरदाताहरू | ५० |
| ५.६ | परिवारको आकार (सदस्यसंख्याको  आधारमा उत्तरदाताहरू) | ५२ |
| ५.७ | उत्तरदाताको अन्य जातिसँग सम्बन्ध | ५३ |
| ५.८ | उत्तरदाताको आधारमा परिवारका सदस्यहरूको पेशागत संलग्नता | ५५ |
| ५.९ | खाद्यान्नको विवरण | ५६ |
| ५.१० | कृषि कार्यमा उत्तरदाताको विवरण | ५७ |
| ५.११ | उत्तरदाताको आधारमा ज्याला मजदुरीको विवरण | ५८ |
| ५.१२ | पशुपालनको विवरण | ५९ |
| ५.१३ | परिवारका सदस्यहरू नोकरीमा संलग्नताको आधारमा | ६० |
| ५.१४ | अध्ययन क्षेत्रका महिलाहरूको पेशागत अवस्था | ६१ |
| ५.१५ | उत्तरदाताको आधारमा जग्गा विवरण | ६२ |
| ५.१६ | उत्तरदाताको आधारमा वार्षिक आम्दानी विवरण | ६३ |
| ५.१७ | खानाको आधारमा उत्तरदाताको विवरण | ६४ |
| ५.१८ | उत्तरदाताको आधारमा वा वार्षिक खर्च विवरण | ६५ |
| ५.१९ | स्वास्थ्य सेवा र सूचना लिने घरधुरीको विवरण | ६६ |

५.२० बिरामी हुँदा औषधी उपचार गराउने विधि ६७

५.२१ अध्ययन क्षेत्रका उत्तरदाता जातिको पेशागत परिवर्तनको स्थिति ६८

## चित्र सूची




| चित्र नं. | शीर्षक | पेज |
|---|---|---|
| १. | सैद्धान्तिक ढाँचा | ११ |
| २. | अवधारणात्मक ढाँचा | १५ |
| ३. | अध्ययन क्षेत्रको नक्सा | २३ |
| ४. | विनामारे गा.वि.स. को नक्सा | ३३ |
| ५. | पेशागत परिवर्तन | ६९ |
| ६. | पेशागत परिवर्तन | ७९ |

# चार्ट


| चार्ट नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | विनामारे गा.वि.स. वडा नं. ९ को जातिगत विवरण | ३२ |
| ५.१ | शैक्षिक अवस्था | ४८ |
| ५.२ | पारिवारिक स्वरूप | ५१ |

# संङ्क्षिप्त रूप



| | | |
|---|---|---|
| गा.वि.स. | : | गाँउ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| वि.स. | : | विक्रम सम्वत् |
| त्रि.वि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| स.जि.वि.का. | : | सहभागितात्मक जिल्ला विकास कार्यक्रम |
| म.ब.क्या. | : | महेन्द्र बहुमुखी क्याम्पस |